“सुन्दर समृद्ध र विकसित उमाकुण्ड निर्माणको आधार कृषि,पर्यटन,जलश्रोत र सम्पन्न पुर्वाधार”

# उमाकुण्ड गाउँपालिकाको

# आ.व. २०७६/०७७ को लागि प्रस्तुत नीति तथा कार्यक्रम

२०७६

शेर बहादुर सुनुवार
अध्यक्ष
उमाकुण्ड गाउँपालिका
प्रिती, रामेछाप
३ नं. प्रदेश, नेपाल

# उमाकुण्ड गाउँ पालिकाको गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष २०७६/२०७७ को निति तथा कार्यक्रम

## गाउँ पालिका उपाध्यक्ष ज्यु

## प्रमुख प्रशासकीय अधिकृत ज्यु

## कार्यपालिका सदश्य ज्युहरु

## गाउँ सभा सदस्य ज्युहरु

## विशिष्ट महानुभावहरु र पर्यव्यक्षक ज्युहरु

नेपालमा संघियता सहितको संविधान जारी भईसकेपछि संविधानले व्यवस्था गरे बमोजिम नेपालमा तीन तहको सरकार क्रियाशिल रहेको छ। संविधानले सुनिश्चित गरेको स्थानिय सरकारक ले जनताको अधिकार स्थापित गर्दै "समृद्ध उमाकुण्ड सुखि उमाकुण्ड बासी"भन्ने मन्त्रलाई दिर्घकालिन लक्ष्य लिई निर्वाचित जनप्रतिनिधिको रुपमा उमाकुण्ड गाउँपालिका को छैठौ गाउँ सभामा स्थानिय सरकारको आर्थिक वर्ष ०७६/०७७ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म हर्ष विभोर छु।

गाउँपालिकाको भौगोलिक, सामाजिक,आर्थिक तथा साँस्कृतिक विविधतालाई आत्मासात गर्दै सन्तुलित र समानुपातिक विकासको बाटोमा अघि बढ्न यस गाउँपालिका दृढ संकल्पित छ। उमाकुण्ड गाउँपालिका लोकतन्त्रका आधारभुत मुल्य मान्यता,बहुलबादी समाज,मानव अधिकारका सर्वमान्य सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासन प्रति पुर्ण प्रतिवद्ध छ। हाम्रो गाउँपालिका प्राकृतिक सुन्दरता,भौगोलिक तथा साँस्कृतिक विविधताले भरिपुर्ण छ। सामाजिक एवम साँस्कृतिक समानता,सहिष्णुता,एकताबद्ध, सभ्य, समृद्ध र सुसंस्कृत समाज निर्माण गर्ने निति स्थानिय सरकारले लिएको छ।

"हामी निर्वाचित जनप्रतिनिधिहरु जनताका असल सेवक हौ" भन्ने मान्यतालाई हरदम आत्मसात गर्दै जनउत्तरदायी, पादरर्शि, मेहनति र सहयोगी संयन्त्रबाट समृद्धिको अभियानलाई अघि बढाउन सकिन्छ भन्ने मान्यतालाई हामीले आत्मसात गरेकै छौ। हामीहरु"समृद्ध नेपाल सुखी नेपाली"भन्ने राष्ट्रिय अभियानलाई सार्थक बनाउन चाहान्छौ। उमाकुण्ड गाउँपालिकालाई विकसित,सुन्दर, र समृद्ध गाउँपालिका बनाउन दिर्घकालिन लक्ष्य सहित विकास, निति,कानुन निर्माण, जनशक्ति श्रोत साधन परिचालन, सेवा प्रवाहा, अनुगमण तथा मुल्यांकन क्षेत्रमा परिवर्तन गरि जनताले अनुभुति गर्ने विकास र समृद्धि हाँसिल गर्ने तर्फ केन्द्रित भई पुर्वाधार विकास, शिक्षा, स्वास्थ्य कृषि, पर्यटन प्रवर्दन, वन बातावरण तथा विपतव्यवस्थापन,र सुसासनको क्षेत्रलाई प्राथमिकतामा राखी अगाडी बढिनेछ।

यसका लागी सम्पुर्ण राजनितिक पार्टी,शिक्षक, बुद्धिजिवि, युवा, कर्मचारी लगायत सम्पुर्ण उमाकुण्ड बासी जनसमुदायहरु सँग रचनात्मक र निरन्तर सहयोगको आशा र अपेक्षा गर्दछु। । संविधानले सुनिश्चिता गरेको प्रावधान हरुलाई व्यवहारत कार्यन्वायन गर्नको निम्ति २०७४ सालमा स्थानिय तहको निर्वाचण भई यस उमाकुण्ड गाउँपालिकामा पनि हामी स्थानिय सरकार संचालन गर्दै जनताको आवश्यक्ता हरुलाई नजिक बाट नियालि रहेका छौ। स्थानिय तहको निर्वाचन पश्चात हामी कुनै पनि किसिमको आग्रह पुर्वाग्रह नराखी यस गाउँपालिकाको समग्र विकासको निम्ति क्रियाशिल छौ। उमाकुण्ड गाउँपालिका ले चालु आव ०७५/०७६ मा आर्थीक, सामाजिक, पुर्वाधार,वन वातावरण तथा विपद व्यवस्थापन र सुसासनको क्षेत्रमा उत्साह जनक रुपमा काम सम्पन्न भएको छ। जसबाट उमाकुण्ड गाउँपालिकाको समृद्धिको आधार तैयार भएको छ। यति हुँदा हुँदै पनि विभिन्न कारणले हाम्रो गाउँपालिकाले  हामीले योजना बनाय मुताविक कार्यहरु सतप्रतिसत सम्पन्न गर्न सकिएको छैन यसमा आगामी दिनमा सुधार हुँदै जानेछ । यसरी योजना निर्माण गरेअनुसार काम सम्पन्न नहुनुमा अनुभव को कमि,कर्मचारी अभाव स्थानिय, प्रदेस र संघिय सरकार विचको समन्वयको अभाव एवम संघिय तथा प्रदेस सरकार बाट हस्तान्तरण हुने अनुदान समयमा हस्तान्तरण हुन नसक्नु प्रमुख कारण हो आगामी दिनमा यी सवै कमजोरी हरुलाई सवै पक्ष बाट सुधारदै लगिने छ।

अव म नेपालको संविधानको भाग १७ को धारा २१४, गाउँपालिकाको कार्यकारिनि अधिकार तथा भाग १९को स्थानिय आर्थिक कार्यप्रणाली र धारा २२८ को राजश्व र व्ययको अनुमान मा भएको व्यवस्था अनुरुप स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २४ ले दिएको अधिकार प्रयोग गरि "सुन्दर समृद्ध र विकसित उमाकुण्डको आधार पर्यटन, कृषि, जलश्रोत र सम्पन्न पुर्वाधार" भन्ने मुल नाराका साथ उमाकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७६/२०७७ को वार्षिक निति तथा कार्यक्रम बुँदागत रुपमा यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न चाहान्छु।

१)	स्थानिय सरकारको रुपमा स्थापित भएको दुई वर्ष पुरा गरि तेश्रो वर्ष को कार्यक्रम मा आईपुग्दा अवको दिनम उमाकुण्ड गाउँपालिकामा सर्वसाधरण जनताले प्रत्येक्ष अनुभुत गर्ने खालको योजना तर्जुमा गर्ने ,स्थानिय जनता र सरोकार वाला हरुलाई योजना तर्जुमा तथा कार्यान्वायनमा प्रत्येक्ष सहभागी गराउने जनताको मागमा आधारित र यस क्षेत्रको भुगोल सुहाउँदो विकास निर्माण तथा कार्यक्रम संचालन गरि जनतालाई प्रत्येक्ष परिवर्तनको अनुभुति हुने गरि काम गर्ने निति लिइने छ।

२)	आगामी आर्थिक वर्ष ०७६/०७७ को वजेट कार्यान्वायन भईसक्दा उमाकुण्ड गाउँपालिकाको पुर्वाधार विकास,सामाजिक विकास,आर्थिक विकास र अन्य क्षेत्रका विकासमा महत्वपुर्ण उपलव्धि हाँसिल हुन छ ।

३)	लोकतान्त्रिक गणतन्त्रका लाभहरु समानुपातिक,समावेशी र न्यायोचित वितरण गरि कानुनी राज्य र दिगो विकासको अवधारण अनुरुप समाजवाद उन्मुदख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालिलाई स्थानिय सरकार ले केन्द्र र प्रदेस सरकार सँग सहकार्य गरि अगाडी बढ्ने निति लिइनेछ।

४)     आन्तरिक आयलाई वृद्धि गर्दै लगिने छ। त्यसको लागी राजश्वको दायरा हरु बढाईनेछ। र राजश्व सँकलन लाई प्रभावकारी र व्यवस्थित गरिने छ। साथै केन्द्र र प्रदेस सरकार बाट प्राप्त हुने विभिन्न किसिमको अनुदानहरुको प्रभावकारी कार्यान्वायन गरि दिगो विकास र समृद्ध उमाकुण्ड निर्माण गर्ने लक्ष्य हाँसिल गर्ने दिशा तिर अगाडी बढिने छ ।

५) पुर्वाधार क्षेत्र

५.१)    उमाकुण्ड गाउँपालिका भौगोलिक हिसाव ले ठुलो र विकट हिमाली गाउँपालिका हो यस गाउँपालिका हालसम्म पनि व्यवस्थित सडक संजालमा जोडिन सकेको छैन। तसर्थ सदरमुकाम देखि गाउँपालिकाको केन्द्र सम्म जोडिने सडकलाइ उच्च प्राथमिकता दिइनेछ। यसको लागी गाउँपालिकाको बजेट मात्र अपर्याप्त हुने हुँदा केन्द्र तथा प्रदेस सरकार सँग निरन्तर सहकार्य गरि अगाडी बढिनेछ । साथै यसै आव देखि कालोपत्रेको पुर्वाधार तैयार गर्ने गरि काम अगाडी बढाइने छ।

५.२)    उमाकुण्ड गाउँपालिका भौगोलिक हिसावले ठुलो गाउँपालिका हो यहाँको एउटा वडा देखि अर्को वडा सम्म आवतजावत गर्न पनि एक दिन हिडनु  पर्ने विद्यमान अवस्थालाइ अन्त्य गर्ने महत्वकाँक्षी लक्ष्य का साथ शुरु भएको भुजी गुम्देल -मध्यमार्गी सडक  को स्तरोन्नति गरि नियमित सवारी साधन संचालन गर्न सकिने बनाइने छ ।

५.३)    वडा कार्यालय देखि गाउँपालिका सम्म जोड्ने सडक एवम विभिन्न हिसावले रणनितिक महत्व राख्ने सडक को निर्माण तथा स्तरोन्नतिमा विशेष ध्यान पुर्याइने छ ।

५.४)    उमाकुण्ड गाउँपालिकामा लामो छोटो गरि हालसम्म ६५ भन्दा बढि सडक निर्माण भैसकेका छन् ति सडकहरु लाइ स्थानिय जनताहरुको सहकार्यमा स्तरोन्नति गर्ने लक्ष्य लिइने छ।

५.५)    उमाकुण्ड गाउँपालिकाको अधिकाँश वडा कार्यालय हरु भवन अभावका कारण अव्यवस्थि हिसावले संचालन भैरहेको हुँदा वडा कार्यालय भवन निर्माण का कामलाई प्रथामिकता दिइने छ।

५.६)    यस गाउँपालिकाको आन्तरिक श्रोतको रुपमा रहेको ढुंगा गिटि बालुवा निकासिको लागी बातावरणिया प्रभाव मुल्याँकन प्रतिवेदन तैयार भैसकेको छ। यसलाइ सही ढंगबाट व्यवस्थापन गरि उमाकुण्ड को आन्तरिक आय वृद्धि गर्न टेण्डर प्रक्रिया लागु गरिने छ।

५.७)  खानेपानी आयोजनाहरुको निर्माण,मर्मतसंभार विस्तार गरिने छ। खाने पानी वितरण गर्दा गैरसरकारी संघसंस्थाहरु संग सहकार्य गरि  एक घर एक धारा को निति लिइनेछ। साथै सामुहिक धाराको अवधारणालाइ पनि अगााडी बढाइने छ।

५.८)  साना सिंचाइ मर्मत संभार तथा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ।

५.२) उर्जा तर्फ

५.२.१) उर्जा विकासको मेरुदण्ड हो। तसर्थ उज्यालो उमाकुण्ड अभियानलाई मुर्त रुप दिन १ वर्ष भित्र उमाकुण्ड गाउँपालिकाको सवै वडाहरुमा केन्द्रिय विद्युत प्रशारण लाइनको विस्तार गरि यसको गुणस्तर बृद्धि गर्ने तथा क्षमता बृद्धि गर्ने काममा विशेष ध्यान पुर्याइने छ।

५.२.२) यस क्षेत्रमा संचालित हाइड्रोपावर हरुलाइ समयमानै सम्पन्न हुने वातावरण सृजना गर्नका साथै गाउँपालिकामा थप हाइड्रोपावर निर्माणको लागी लगानी मैत्री वातावरणको सृजना गरिनेछ। यसरी हाइड्रोपावर निर्माण गर्दा स्थानिय जनसमुदायको उचित मागलाइ सम्वोधन गनुपर्ने वातावरणको सृजना गरिने छ।

५.३) सूचना प्रविधि

५.३.१) उमाकुण्ड गाउँपालिकामा रहेको सरकारी कार्यालय हरुलाइ क्रमश प्रविधि मैत्री बनाउँदै लैजाने निति लिईने छ।

६)आर्थिक क्षेत्र

६.१) कृषि तथा पशुपालन तर्फ

६.१.१) कृषिलाई आधुनिकिकरण र व्यासायिकरण गरिने लक्ष्य लिइने छ। उमकुण्ड गाउँपालिका कृषि र पशुपालनको निम्ति अनुकुल स्थल हो व्यवसायीक कृषि तथा पशुपालनको संभाव्य क्षेत्रहरुको पहिचान गरि त्यस्ता क्षेत्रलाइ पकेट क्षेत्रको रुपमा विकास गर्नका साथै प्रत्येक वर्ष गाउँपालिका भित्रका उत्कृष्ट मध्येका एक जना कृषक र एक जना पशुपालक कृषक छनोट गरि पुरस्कृत गर्ने निति लिइने छ।

६.१.२) कृषक हरुलाइ बिभिन्न बाली तरकारी विउविजन प्राकृतिक विउविजन मुल बीउ वितरणमा प्राथमिकता दिइने छ।

६.१.३) अनुदानमा कृषि सामग्री, तथा औजारहरु उपलब्ध गराउने,तथा कृषक हरुलाई क्षमता विकास तालिम दिने र सिंचाईको उचित व्यवस्थापन गर्ने निति लिइने छ।

६.१.४) उमाकुण्ड गाउँपालिकामा अत्यधिक सम्भावना रहेका आलु, अलैची, चिया र किवि खेति को विस्तार गर्दै बाँझो रहेको जमिनमा फलफुल खेति को वातावरण सृजना गरि जमिन बाँझो राख्ने प्रविृत्तिलाई निरुत्साहित गरिने छ।

६.१.५) उमाकुण्ड गाउँपालिका भित्र धेरै बाँझो जमिन रहेको हुँदा यहाँ पशुपालनको धेरै ठुलो सम्भावना छ। उमाकुण्ड गाउँपालिकाको वडा नं १ गुम्देलमा हाल पनि लोपोन्मुख चौरी पालन व्यवसाय संचालनमा छ। यस चौरी पालन व्यवसाय लाई प्रवर्दन गर्ने निति लिदै अन्य पशुपालन व्यवसाय प्रवर्दनको उचित व्यवस्था मिलाइने छ।

६.१.६)  पशुस्वास्थ्य कार्यक्रम अन्नारगत पशुमा लाग्ने रोग तथा महामारी नियन्त्रणको लागी आधुनिक प्रयोगशाला निर्माणको शुरुवात गरि पशुउपचारको प्रभावकारी व्यवस्था मिलाइने छ।

६.१.७)  पशुपालन व्यवसायको प्रवर्दन गर्नको लागी भुंइ तथा डाले घाँस प्रवर्दनमा प्राथमिकता दिइने छ। त्यसको निम्ति भुँइ तथा डाले घाँस श्रोत केन्द्र नर्सरी स्थापना गर्ने निति लिइने छ।

६.१.८)  दुधमा आधारित पशुपालन व्यवसाय प्रवर्दनको लागी दूध संकलन केन्द्रको स्थापना गर्ने प्रवन्ध मिलाइने छ,त्यसको लागी दूग्ध सहकारी गठन गर्ने निति लिइने छ।

६.१.९)  उमाकुण्ड गाउँपालिकाको प्रत्येक वडामा १/१ ओटा पशु सेवा केन्द्र स्थापना गर्नको लागी आवश्यक प्रवन्ध मिलाइने छ

।६.१.१०)  वैज्ञानिक पद्धति अनुसार पशुपालन व्यवसाय प्रवर्दन गर्नको लागी प्रत्येक वडामा जनचेतना मुलक तालिम गोष्ठी संचालनको लागी आवश्यक व्यवस्था मिलाइने छ।

६.१.११)  युवा स्वरोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागी पशुपालन व्यवसायमा अनुदान दिने व्यवस्था  मिलाई युवाहरुलाइ पशुपालन व्यवसाय तर्फ आकर्षित गरि विदेश पलायन लाई निरुत्साहि गरिनेछ। यसरी अनुदान लिइ दुरुपयोग गर्ने व्यक्ति वा समुहलाइ अनुदान फिर्ता लिई आवश्यक कारबाही गर्ने नितिलाइ प्रभावकारी बनाइने छ।

६.१.१२)  पशुजन्य उद्योग संचालन गर्न शुलभ ऋन को व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाइने छ।

६.१.१३)  पशुपंक्षी हानी नोक्सानी बाट कृषकहरुलाई जोगाउन पशुविमा कार्यक्रम प्रभावकारी बनाइने छ।

६.१.१४)  चौरी पालन व्यवसाय र पर्यटन प्रवर्दनमा सहयोग पुग्ने गरि चौरी महोत्सव गर्नको लागी आवश्यक व्यवस्था मिलाइने छ।

६.१.१५)  यस उमाकुण्ड गाउँपालिकामा कार्यरत ग्रामिण पसुकार्यकर्ता लाई प्रोत्साहन गर्न औषधी पसल राख्न तथा आाश्यक उपकरण खरिद गर्न निर्व्याजी (घुम्ति रिन)को व्यवस्था गरिने छ।

६.१.१६)  उमाकुण्ड गाउँपालिका जडिबुटी ले भरपुर गाउँपालिका हो यस गाउँपालिकामा महत्वपुर्ण र बहुमुल्य जडिबुटीहरु जस्तै पाँचऔले,कुटकी, पंगवर,  जटामसि,यार्सागुम्बा आदी पाइन्छ। यस्ता बहुमुल्य जडिबुटीको चोरी निकासी रोकी त्यसलाइ उमाकुण्ड गाउँपालिकाको आम्दानीको श्रोतको रुपमा विकास गर्न जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने प्रवन्ध मिलाइने छ।

६.१.१७) उमाकुण्ड गाउँपालिकाको तर्फबाट कृषि तथा पशुविकासको निम्ति दिईने अनुदानको  लागी सम्वन्धित व्यक्ति वा समुहको तर्फ बाट पनि कम्तिमा ५० प्रतिसत लागत सहभागीता भई सकेपछि मात्र अनुदान दिने व्यवस्था लाई प्रभावकारी बनाईने छ।

६.२)  पर्यटन विकास तर्फ

६.२.१)  उमाकुण्ड गाउँपालिका प्राकृतिक सुन्दरताले भरपुर गाउँपालिका हो। यस गाउँपालिका भित्र धार्मिक तथा पर्यटकिय हिसावले नेपालकै उत्कृष्ट स्थहरु रहेको छ। त्यस मध्ये उत्कृष्ट धार्मिक तथा पर्यटकिय स्थल ताँमे को गुरु योजना निर्माण भइसकेको छ। यस स्थललाई गुरु योजना मुताविक कै ढाँचामा पुर्वाधारहरु निर्माण गरिने छ। भने ऐतिहाँसिक धार्मिक स्थल उमातिर्थको गुरु योजना यस आवमा तैयार गरि पुर्वाधार निर्माणको कार्य अगाडी बढाइने छ।

६.२.२)  उमाकुण्ड गाउँपालिको विभिन्न स्थानहमा रहेको धार्मिक, रमणिय र एतिहाँसिक पर्यटकिय स्थलहरुको विकासमा जोड दिइने छ।

६.२.३)  यसै आव भित्र उत्कृष्ट धार्मिक तथा पर्यटकिय स्थल ताँमेमा बृहत ताँमे महोत्सव आयोजना गर्नको लागी आवश्यक व्यवस्था मिलाइने छ।

६.२.४)  उमाकुण्ड गाउँपालिका वडा नं. २ बाम्तिभण्डारको  रत्नज्योति बजारमा रत्नज्योति पार्क निर्माण कार्य अगाडी बढिसकेको छ। यस आव मा यस पार्कलाइ व्यवस्थित गरिने छ। साथै अन्य उपयुक्त स्थलहरुमा पार्क निर्माण गर्दै जाने निति अनुरुप काम अगाडी बढाइने छ।

६.२.५)  प्रसिद्ध धार्मिक  पर्यटकिय र रमणिय स्थल उमाकुण्ड १ गुम्देलमा पर्ने गैरी,सेरेमचोक डाँडा, भालेपोखरी, झ्यालढुंगा, देउढुंगा जट्टापोखरी पाँचपोखरी वडा नं. २ को दउराली डाँडा ३ नं. वडा को

उम्दि महादेव मन्दिर तथा कुबुकाँस्थलिको चण्डिहरु, प्रितिको चण्डि तथा महादेव गुफा गुप्तेश्वर को महादेव थान भुजीको हुपिनचुली राम्जी थानको प्रचार प्रसार  संरक्षण र विकासमा  जोड दिइनेछ।

६.२.६)  उमाकुण्ड गाउँपालिकामा रहेको ऐतिहाँसिक गुम्वा मठ मन्दिर आदीको संरक्षणमा विशेष ध्यान दिइने छ।

६.२.७) आन्तरिक पर्यटन प्रवर्दन गर्न उमाकुण्ड गाउँपालिका वडा नं. ३ कुबुकाँस्थलिमा प्याराग्लाईडिङ उडानको सम्भाव्यता अध्ययण तथा उडान परिक्षण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमलाई व्यवसायिककरण गर्न गाउँपालिकाले विशेष योजना हरु  निर्माण गरि कार्यान्वायन गर्नेछ। त्यसको लागी आवश्यक व्यवस्था  मिलाईनेछ।

६.३)  सार्वजानिक निजि र सहकारी

६.३.१)  गाउँपालिकामा रहेको सार्वजानिक, निजी र सहकारी क्षेत्रको भुमिकालाई अझ प्रभावकारी बनाउँदै गाउँपालिकामा लगानी मैत्रि बातावरण सृजना गरि थप लगानी भित्राउने वातावरण सृजना गरिने छ।

६.३.२)  उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरि सार्वजानिक निजी र सहकारी क्षेत्रको साझेदारीलाइ प्राथमिकता दिदै प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण बाट आर्थिक असमानताको अन्त्य गर्दै विभेद तथा भ्रष्टचार रहित समाजको निर्माण गर्ने निति लिइने छ।

७) सामाजिक क्षेत्र

७.१)स्वास्थ्य तर्फ

७.१.१)  गाउँपालिकामा गुणस्तरिय स्वास्थ्य सेवा प्रत्येक नागरिक समक्ष पुर्याउनको लागी स्वास्थ्य क्षेत्रमा सबैको पहुँच पुग्ने गरि स्वास्थ्य सेवा प्रदान गर्ने निति लिइने छ।

७.१.२)  गाउँपालिकामा रहेका अस्पतालको स्तर बृद्धि गर्न आवश्यक पहल गरिने छ। स्वास्थ्य संस्था नभएको वडा मा स्वास्थ्य संस्था स्थापना गर्दै भवन नभएको स्वास्थ्य संस्थाहरुको भवन निर्माण मा विशेष ध्यान दिइने छ। साथै गाउँपालिकामा आवश्यक बर्थिङ सेण्टर तथा सामुदायिक ईकाइहरु स्थापना गर्दै जाने निति लिइने छ।

७.१.३)  पुर्णखोप युक्त गाउँपालिकाको सुनिश्चितताको लागी खोप केन्द्रहरुको स्थापना गरि प्रभावकारि सेवा प्रदान गरिने छ। साथै महिला स्वास्थ्य स्वयमसेविका तथा आमा समुह हरुलाई थप क्रियाशिल बनाउनको लागी उचित प्रवन्ध र प्रोत्साहन को व्यवस्था  मिलाइने छ। साथै महिला स्वास्थ्य स्वयमसेविकाहरुको क्षमता विकासका तालिम हरु संचालन गर्ने व्यवस्था मिलाइने छ।

७.१.४)  उमाकुण्ड गाउँपालिकाको प्रत्येक वडामा एम्वुलेन्स को प्रवन्ध गरिने छ। साथै आम जनसमुदायको स्वास्थ्य लाई मध्य नजर गरि विभिन्न संघसंस्था तथा अस्पताल हरुसँग सहकार्य गरि विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिने छ। साथै प्राण घातक एवम गम्भिर प्रकृतिको रोग लागी उपचार गराइरहेको आर्थिक हिसावले कमजोर विपन्न नागरिकलाई दिदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ।

७.१.५)  उमाकुण्ड गाउँपालिकालाइ पुर्णसरसफाइ तर्फ उन्मुख  गाउँपालिका गराउन क्रियाशिल गैरसरकारी संघसंस्था हरु सँग नियमित सहकार्य गरि आवश्यक ठाउँमा सार्वजानिक शौचालय एबम सार्वजानिक धारा निर्माण गरिने निति लिइने छ।

७.२)भाषा तथा संस्कृति तर्फ

७.२.१)  उमाकुण्ड गाउँपालिकामा रहेको विभिन्न जातजाती, धर्म,संस्कृति वर्ग, क्षेत्र, लिंगको  भाषा भेषभुषा संस्कृति संरक्षण र संवर्दन गर्ने निति लिइने छ।

७.२.२)  उमाकुण्ड गाउँपालिकामा प्रचलणमा रहेको चण्डि नाँच, शेर्पा समुदायको परम्परागत नाँच विभिन्न जातीको साँस्कृतिक नाँच तथा पर्वहरु विभिन्न जाति तथा समदाय हरुको जातिय परम्परा संरक्षणको आवश्यक प्रवन्ध मिलाइने छ।

७.३)लक्षित समुह तर्फ

७.३.१)  लैंगिक समानता ,महिला ससक्तिकरण र महिलाको समान सहभागिता  बृद्धि गर्ने निति लिइने छ।

७.३.२)  लक्षित समुदाय( महिला, दलित,अपांग, जेष्ठ नागरिक बालबालिका) लक्षित कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाइने छ। त्यसको लागी दोहोरो नपर्ने गरि गाउँपालिका स्तरबाट नै सम्वन्धित लक्षित समुदायको सहभागीतामा परम्परागत सीप प्रवर्दनात्मक कार्यक्रम, सीप विकास कार्यक्रम, क्षमता विकास कार्यक्रम, सम्मान कार्यक्रम, लगाएतका कार्यक्रम संचालन गरिने छ।

७.४)शिक्षा तर्फ

७.४.१) "समृद्ध उमाकुण्ड गाउँपालिका निर्माणको आधार, सीपयुक्त गुणस्तरिय शिक्ष"भन्ने नारालाई आत्मासात गर्दै गाउँपालिकाको शिक्षा प्रणालिलाई परिवर्तन गरि विगतमा भएका कमि कमजोरी सच्च्याई विद्यामान कानुनी व्यवस्था लाई परिवर्तन गर्न "गाउँ शिक्षा ऐन"को निर्माण गरि सीपमुलक,गुणस्तरिय शिक्षाको प्रत्याभुति दिइनेछ।

७.४.२)  पाठ्यक्रम, शिक्षक निर्देशिका र सरलीकृत पाठयोजना डायरी सहितको "एक शिक्षक एक झोला" कार्यक्रम लागु गरिनेछ।

७.४.३)  गाउँपालिकाको ४५ ओटा विद्यालय मध्ये २६ ओटा विद्यालयमा मात्र बालविकास केन्द्र रहेको हुँदा बाँकी रहेको १९ ओटा विद्यालय मा पनि क्रमश विद्यालयमा एक बालविकास केन्द्र स्थापना गर्ने निति लिईनेछ।

७.४.४)  विद्यालय शिक्षालाई प्रभावकारी रुपले संचालन गर्न अभिभावक शिक्षक भेटघाट कार्यक्रम लागु गरिनेछ।

७.४.५)  शिक्षकहरुलाई  पेशाप्रति समर्पित, कर्तव्यनिष्ठ र लगनशिल बनाउन प्रोत्साहन मुलक भत्ताको व्यवस्था गर्ने निति लिइनेछ।

७.४.६)  कक्षा ६,७,र ८ मा कम्प्युटर शिक्षालाई अनिवार्य गराई आवश्यक्ता अनुसार माध्यमिक तहसम्म कम्प्युटर विषय अनिवार्य गराईने निति लिईनेछ। कम्प्युटर विषय अध्यापन गर्न विद्यालयमा पर्याप्त संख्यामा कम्प्युटर र शिक्षकलाई तालिम को व्यवस्था गरि प्रयोगात्मक र व्यवहारिक तरिकाले अध्यापन गर्ने व्यवस्था मिलाइने छ। मावि तहमा वाईम्याक्स प्रविधि बाट ईन्टरनेट जडान गरि गुगल सर्च र युटुवको माध्यम बाट पठनपाठन गर्ने कार्यमा जोड दिईनेछ।

७.४.७)  विना कारण विद्यालयमा अनुपस्थित रहुने शिक्षक कर्मचारी हरुको तलब भत्ता कटौति गरिनेछ।

७.४.८)  विद्यालयमा लेखा सम्वन्धि काम गर्ने लेखा सहायक कर्मचारी लाई लेखा सम्वन्धि तालिमको व्यवस्था गरि विद्यालयको हिसाव किताव दुरुस्त राख्ने निति लिइनेछ।

७.४.९)  बालविकास केन्द्रमा कार्यरत सहजकर्ता, विद्यालय कर्मचारी र परिचरहरुको मनोवल बढाउन प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

७.४.१०)  वि.व्य.स. तथा शि.अ. सं. पदाधिकारीलाई महिनाको २/२ पटक विद्यालयमा अनुगमण गरि अनिवार्य हाजिरी हुने व्यवस्था गरि आवश्यक  भत्ता उपलब्ध गरिनेछ।

७.४.११)  प्रत्येक वडामा वडा शिक्षा समिति गठन गरि वडा भित्र रहेका विद्यालयहरुको संचालन तथा व्यवस्थापनको लागी निति र योजना निर्माण गरिने छ।

७.४.१२)  आधारभुत तह कक्षा १-५ संचालनमा रहेका विद्यालय शिक्षक संख्या कम भएमा कक्षा १-३ सम्म कक्षा शिक्षक र बहुकक्षा शिक्षण मा जोड दिईने छ।

७.४.१३)  सिकाई उपलब्धि कम भएका विद्यालय र विद्यार्थी हरुको पहिचान गरि सुधारका लागी कक्षा समय १०-भन्दा बाहेक अन्य समयमा अतिरिक्त कक्षा संचालनको प्रवन्ध मिलाईने छ।

७.४.१४) प्रत्येक विद्यालयमा सक्रिय बालक्लब र स्काउट गठन गर्ने निति लिईने छ।

७.४.१५) उमाकुण्ड गाउँपालिकामा रहेको सिद्धेश्वर प्राविधिक शिक्षालय र सिद्धेश्वर पब्लिक क्याम्पसको विकासमा जोड दिइनेछ। साथै उमाकुण्ड गाउँपालिकामा रहेको कक्षा १२ सम्म पठनपाठन हुने विद्यालय हरु लाई नमुना विद्यालयको रुपमा विकास गर्न विशेष कार्यक्रम ल्याइने छ।

७.४.१६) शिक्षक विद्यार्थी अनुपात लाई मध्यनजर गरि विद्यार्थीको तुलनामा शिक्षक दरवन्दि कम भएको विद्यालयहरुको पहिचान गरि उमाकुण्ड गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा ले निर्माण गरेको र निर्माण  गर्ने निति अनुरुप हुने गरि थप दरबन्दि सृजना गरि आवश्यक्ताको आधारमा वितरण गर्दै जाने निति लिइने छ।

७.४.१७) उमाकुण्ड गाउँपालिकाको केन्द्र रहेको चण्डेश्वरी मावि मा पनि आगमी आव बाट एसईई परिक्षा केन्द्र संचालनको लागी आवश्यक पहल गरिने छ। साथै पुर्वाधार निर्माण गर्दा बालमैत्रि तथा अपांग मैत्रि पुर्वाधार निर्माणमा विशेष जोड दिइने छ।

७.४.१८) उमाकुण्ड गाउँपालिका बाट आधारभुत तह उतिर्ण परिक्षा र एसईई परिक्षा मा सर्वोत्कृष्ट अंक ल्याइ उतिर्ण हुने १ छात्र र १ छात्रालाई गाउँपालिकाको तर्फबाट उचित पुरस्कार सहित सम्मान गर्ने कार्यक्रम लाई अगाडी बढाइने छ।

७.४.१९) उमाकुण्ड गाउँपालिकामा शैक्षिक गुणस्तर सुधार तथा पुर्वाधार निर्माणमा सहयोग गर्ने गरि क्रियाशिल रहेको गैरसरकारी संघसंस्था हरु सँग नियमित सहकार्य गरि गैरसरकारी संघसंस्था को भुमिकालाई प्रभावकारी बनाईनुको साथै काम गर्ने उचित वातावरण सृजना गरिने छ।

७.४.२०) शिक्षकको पेशागत दक्षता अभिबृद्धि गर्न आवश्यक व्यवस्था मिलाइने छ। साथै विद्यार्थीहरुलाइ अतिरिक्त क्रियाकलाप तर्फ आकर्षित गर्नको लागी गाउँपालिका स्तरको अतिरिक्त क्रियाकलाप संचालन गरिने छ।

७.४.८) विद्यार्थी संख्या अत्यान्त न्युन भएका र भौगोलिक हिसावले पनि नजिक रहेको दुई वटा विद्यालय हरुलाई आवश्यक व्यवस्थापन सहित मर्ज वा बन्दा गरि शिक्षकहरुको दरबन्दि मिलान गर्ने निति लिइने छ।

७.४.९) पुर्वाधार अभावमा पठनपाठन र दैनिक क्रियाकलापमा समश्या भइरहेको विद्यालयहरुको पहिचान गरि पुर्वाधार निर्माणको लागी आवश्यक व्यवस्था मिलाइने छ।

७.४.१०) हाल संचालनमा रहेको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइने छ।

७.४.११) उमाकुण्ड गाउँपालिका को विद्यालयहरुमा कार्यरत शिक्षकहरुको स्वास्थ्य अवस्थालाई मध्य नजर गरि गम्भिर प्रकृतिको रोग, दुर्घटना भई उपचारमा समस्या उत्पन्न भएमा शिक्षकहरुको समेत सहभागीता हुने गरि एउटा शिक्षक स्वास्थ्य कोष स्थापना गरिनेछ।

७.४.१२) विद्यालय तहको निरन्तर विद्यार्थी मुल्यांकन पद्धतिलाई प्रभावकारी बनाईनेछ।

७.४.१३) विद्यालय क्षेत्र भित्र विद्यालय समयमा राजनैतिक उद्धेस्य राखी कुनै पनि किसिमको राजनितिक गतिविधि गर्ने परिपाटि लाई निरुत्साहित गरिनेछ।

७.५) युवा तथा खेलकुद तर्फ

७.५.१) उमाकुण्ड गाउँपालिकाको केन्द्र मा एउटा व्यवस्थित खेल मैदान निर्माण गरिने छ। साथै यस गाउँपालिकाको सात वटै वडामा पनि खेल मैदानलाई व्यवस्थित गरिने छ।

७.५.२) उमाकुण्ड गाउँपालिकाद्धारा आयोजना गर्न शुरु गरिएको राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगीतालाई निरन्तरता दिँदै विधा हरु थप गरि व्यवस्थित गरिनेछ। साथै अन्य खेलकुद कार्यक्रमहरुलाई पनि निरन्तरता दिइने छ।

७.५.३) वेरोजगार युवा हरुको तथ्याँक व्यवस्थित गरि गाउँपालिका बाट हुने पुर्वाधार निर्माण लगाएतको काममा सक्रिय सहभागीता गराउने निति लिइने छ। साथै युवा हरुलाई स्वरोजगार मुलक

सीप विकासको तालिम दिई क्षमता विकास गरि वेरोजगार हरु को संख्या क्रमिक रुपमा घटाउँदै लगिने छ।

७.५.४) उमाकुण्ड गाउँपालिका सँग अनुमति लिई गाउँपालिकाको समृद्धिको लागी क्रियाशिल गैर सरकारी संघसंस्था हरु सँग नियमित सहकार्य गर्दै यस गाउँपालिकाको विकास का लागी काम गर्ने संघसंस्थाहरुलाइ काम गर्न सहज बातावरण को सृजना गरिने छ।

७.५.५) विकासको प्रतिफल वितरणमा विपन्न तथा लक्षित वर्गलाई प्राथमिकता दिदै आम जनताले न्यायोचित रुपमा पाउने निति लिइने छ।

८) संस्थागत सेवा प्रवाह र सुसासन क्षेत्र

८.१) सार्वजानिक सेवालाई नागरिक मैत्रि बनाइने छ। सेवा प्रवाहा गर्ने कार्यलयहरुलाई जिम्मेवार बनाई जनताको काम छिटो छरितो र भरपर्दो बनाइने छ।

८.२) वडा कार्यलयबाट हुने सेवा प्रवाहालाई अझ व्यवस्थित बनाइने छ। वडा गाउँपालिका तथा विषयगत कार्यालय संचालन अवधिभर नियमित संचालन गरिने छ।

८.३) उमाकुण्ड गाउँपालिकामा सवैभन्दा राम्रो काम गर्ने कर्मचारी, सवै भन्दा धेरै कर तिर्ने कर दाता, सर्वोत्कृष्ट अंक ल्याउने विषयका विषयगत शिक्षक एवम सवै भन्दा राम्रो काम गर्ने एक उपभोक्ता समितिलाइ पुरस्कार सहित सम्मान गर्ने व्यवस्था मिलाइने छ।

८.४) उमाकुण्ड गाउँपालिका मा रहेको सरकारी कार्यालय हरु (विद्यालय, स्वास्थ्य संस्था, गाउँपालिका कार्यालय, विषयगत शाखा कार्यालयहरु, वडा कार्यालयहरु र अन्य कार्यालयहरुमा नियमित कर्मचारीहरुको उपस्थितिलाई प्रभावकारी बनाउनको लागी विद्युतिय हाजिर प्रणालीको लागी आवश्यक प्रवन्ध मिलाइने छ।

८.५) सवै सरकारी कार्यालयहरुमा नागरिक बडापत्र राख्न आवश्यक व्यवस्था मिलाइने छ।

८.६)  उमाकुण्ड गाउँपालिकाबाट हुने सवैखाले गतिविधि र आर्थिक क्रियाकलापमा मितव्ययि खर्च प्रणालीको विकास गरिनेछ।

८.७)  उमाकुण्ड गाउँपालिकाको आर्थीक तथा अन्य सवै किसिमको गतिविधि बारे जनतालाइ सुसुचित गराउनको लागी सार्वजानिक सुनुवाइ तथा सार्वजानिक परिक्षण प्रणालीलाइ व्यवस्थित गरिने छ।

८.५)   राजश्व तथा कर संकलन कार्यलाइ थप प्रभावकारी बनाइने छ। साथै यस आव बाट उमाकुण्ड गाउँपालिकाबाट स्विकृत भइ लागु गरिएको सवै किसिमको राजश्व तथा कर संकलन को शुरुवात गरिने छ। सवै भन्दा बढि राजश्व तथा कर संकलन गर्ने वडालाई  प्रोत्साहन स्वरुप आगामि आव मा थप बजेटको व्यवस्था मिलाइने छ।

८.६)  उमाकुण्ड गाउँपालिकामा कार्यरत कर्मचारी हरुलाइ प्रोत्साहित गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

८.७)  शान्ति सुरक्षा लाई मध्य नजर गरि उमाकुण्ड गाउँपालिकामा मदिरा पान,धुम्रपान लागुपदार्थ दुर्व्यसनि र यसबाट हुने असरलाइ न्युनिकरण गर्दै लगिने छ। साथै विना इजाजत मदिरा जन्य पदार्थको विक्रि वितरणमा कडाई गरिनेछ।

८.८)उमाकुण्ड गाउँपालिका बाट संचालित सम्पुर्ण योजना आयोजना कार्यान्वायन लाई चुस्त दुरुस्त प्रभावकारी र पारदर्शी बनाइने छ।

८.१) न्यायिक समिति

८.१.१)  जनतालाइ सुसासन तथा  न्याय दिने काम लाई  प्रभावकारी बनाइने छ। यसको लागी न्यायिक समितिको क्षमता विकास तथा पुर्वाधार निर्माणमा विशेष ध्यान दिइने छ।

८.१.२) जनतालाई न्याय सम्वन्धि सुसुचित र चेतना अभिबृद्धिको लागी चेतना मुलक कार्यक्रमहरुलाई निरन्तरता दिइने छ।

९) वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

९.१) वन तथा वन जन्य पदार्थलाइ संरक्षण गर्ने निति लिइने छ। साथै हरियो बस्तिको रुपमा परिचित उमाकुण्ड गाउँपालिकाको हरियालीलाई जोगाउनको लागी आवश्यक व्यवस्था गरिनेछ।

९.१.२) उमाकुण्ड गाउँपालिका मा बसोवास गर्ने आम समुदायलाइ आइ पर्ने प्राकृतिक विपत्ति हरुबाट सुरक्षित गरि त्यस बाट हुने असर कम गराउने निति लिइने छ। साथै प्राकृतिक प्रकोपबाट घरबास पुर्ण क्षति भई विस्थापित नागरिकलाई तत्काल पुनर्स्थापना को प्रवन्ध मिलाइने छ। त्यस्ता नागरिकलाई उमाकुण्ड गाउँपालिका बाट दिँदै आएको आर्थिक सहायतालाइ निरन्तरता दिइने छ।

९.१.३) गाउँपालिका भित्र आईपर्ने प्राकृतिक विपत्ति बाट जनतालाई पर्ने असर कम गर्नको लागी खोज तथा उद्धारको लागी आवश्यक प्रवन्ध मिलाईने छ। साथै खोज तथा उद्धार र राहत सामग्री को पुर्व तैयारी गरिने छ।

९.१.३) यस गाउँपालिकामा रहेको नदि नाला ताल तलैया सार्वजानिक जग्गा अतिक्रमण लाई रोकि संरक्षण गर्ने निति लिइने छ।

९.१.४) उमाकुण्ड गाउँपालिका भित्र पर्ने वस्ति सहितको वजार हरु जस्तै च्यादलु रत्नज्योति लगाएतको बजारहरुमा फोहर मैला को उचित व्यवस्थापनको लागी डम्पिङ साइडको निर्मान गरिने छ।

श्री शेर बहादुर सुनुवार

अध्यक्ष

उमाकुण्ड रामेछाप